# युवा उद्यमका लागि प्रमाणपत्रका आधारमा ऋण सहयोग कार्यक्रम सञ्चालन निर्देशिका, २०७५

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय
**राष्ट्रिय युवा परिषद्**
त्रिपुरेश्वर, काठमाडौं

# दुई शब्द

आर्थिक वर्ष २०७४/७५ को वार्षिक कार्यक्रम अन्तर्गत राष्ट्रिय युवा परिषद्बाट सञ्चालन हुने गाउँ गाउँमा युवा उद्यमका लागि प्रमाण पत्रका आधारमा ऋण कार्यक्रम पनि एउटा प्रमुख कार्यक्रम हो । ग्रामिण क्षेत्रमा रहेका युवाहरू शिक्षित भएर पनि बेरोजगार हुनु परेको तीतो यथार्थ हामी माझ छ । त्यसैले, शिक्षित युवालाई उनीहरूले प्राप्त गरेको शैक्षिक प्रमाणपत्रका आधारमा उद्यमशील बनाउन विश्वविद्यालय शिक्षामा स्नातक तह र प्राविधिक शिक्षामा डिप्लोमा तह उत्तीर्ण गरी प्रमाणपत्र प्राप्त युवालाई निजहरूको शैक्षिक प्रमाणपत्र धितो राखी सोका आधारमा उद्यम सञ्चालन गर्न यो युवा उद्यमका लागि शैक्षिक प्रमाणपत्रका आधारमा ऋण सहयोग कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरिएको हो ।यसले शैक्षिक योग्यतालाई रोजगारसँग जोड्ने अवसर उपलब्ध हुनेछ ।यस कार्यक्रम मार्फत नेपालका युवाहरूले नेपालमै उद्यम व्यवसाय गरी आफु पनि आत्म निर्भर भै राष्ट्रलाई नै आत्म निर्भरतर्फ उन्मुख बनाउनेछन् भन्ने अपेक्षा गरिएको छ।

राष्ट्रिय युवा नीति, २०७२ र युथ भिजन २०२५ को आधारस्तम्भ २ लक्ष्य १ मा उच्च शिक्षा प्राप्त युवामा रहेको बेरोजगारी दर ५ प्रतिशतमा र अर्ध बेरोजगारी दर १० प्रतिशतभन्दा कममा झार्ने तथा लक्ष्य ८ मा विश्वविद्यालय स्नातक युवाहरूको सहकारीमार्फत युवा स्वरोजगारका अवसर बढाउने लक्ष्य राखिएको छ । यसै नीतिगत व्यवस्थालाई ध्यान दिई यस निर्देशिकामा वित्तीय संस्थाको सहकार्यमा युवाहरूलाई ऋण सहयोग उपलब्ध गराउने र उक्त ऋण उठाई राष्ट्रिय युवा परिषद्को घुम्तिकोषमा जम्मा गरी सो जम्मा भएको रकमबाट पुन: थप युवाहरूलाई उद्यम तथा व्यवसाय गर्न ऋण सहयोग प्रवाह गर्ने चक्रीय पद्धतीको विकास गर्न खोजिएको छ ।

आशा छ, यस कार्यक्रमबाट शैक्षिक बेरोजगार भई बसेका युवाहरूले स्वरोजगार भई आफ्नो भविष्य सुरक्षित गर्न सक्षम हुनेछ ।साथै, राष्ट्रको सम्बृद्धि र विकासमा युवाको महत्वपूर्ण सहभागिताको अवसर प्राप्त हुनेछ ।

माधव प्रसाद ढुङ्गेल
कार्यकारी उपाध्यक्ष
राष्ट्रिय युवा परिषद्, त्रिपुरेश्वर काठमाडौं ।

## युवा उद्यमका लागि प्रमाणपत्रका आधारमा ऋण सहयोग कार्यक्रम सञ्चालन निर्देशिका, २०७५

**प्रस्तावना :** राष्ट्रिय युवा नीति, २०७२ र युथ भिजन २०२५ को आधारस्तम्भ २ लक्ष्य १ मा उच्च शिक्षा प्राप्त युवामा रहेको बेरोजगारी दर ५ प्रतिशतमा र अर्ध बेरोजगारी दर १० प्रतिशतभन्दा कममा झार्ने तथा लक्ष्य ८ मा विश्वविद्यालय स्नातक युवाहरूको सहकारीमार्फत युवा स्वरोजगारका अवसर बढाउने लक्ष्य राखिएको छ । उक्त नीति तथा लक्ष्य अनुसार मुलुकमा विभिन्न क्षेत्रका युवा वर्गमा उद्यमशिलता, सिर्जनशीलता तथा सीपको विकास गरी स्वरोजगार र उत्पादनको माध्यमबाट समृद्ध नेपाल निर्माणका लागि विश्वविद्यालयबाट कम्तिमा स्नातक तह र प्राविधिक शिक्षालयबाट कम्तिमा डिप्लोमा तह पास गरेका शिक्षित बेरोजगार युवालाई उनीहरूले प्राप्त गरेको शैक्षिक प्रमाणपत्रका आधारमा ऋण प्रदान गरी रोजगारको अवसर सिर्जना गर्नका लागि परिषद्ले राष्ट्रिय युवा परिषद् ऐन २०७२को दफा ३२को अधिकार प्रयोग गरी यो निर्देशिका बनाएको छ ।

### परिच्छेद –१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो निर्देशिकाको नाम "युवा उद्यमका लागि प्रमाणपत्रका आधारमा ऋण सहयोग कार्यक्रम सञ्चालन निर्देशिका, २०७५" रहेको छ ।

(२) यो निर्देशिका परिषद्ले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,**

(क) "मन्त्रालय" भन्नाले युवा तथा खेलकुद मन्त्रालय सम्झनुपर्छ ।

(ख) परिषद् भन्नाले राष्ट्रिय युवा परिषद् सम्झनुपर्छ ।

(ग) "युवा" भन्नाले १६ वर्षदेखि ४० वर्षसम्मको उमेर भएका व्यक्ति सम्झनुपर्छ ।

(घ) "उद्यम" भन्नाले नाफा आर्जन तथा रोजगारी हुने गरी सञ्चालन भएको नियमित आर्थिक क्रियाकलाप वा उद्योग सम्झनुपर्छ ।

(ङ) "संघ सस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भई अविछिन्न काम गरेका संघसस्थालाई सम्झनुपर्छ ।

(च) "समिति" भन्नाले राष्ट्रिय युवा परिषद्को कार्यकारी समितिलाई सम्झनुपर्छ ।

(छ) "अध्यक्ष" भन्नाले राष्ट्रिय युवा परिषद्का अध्यक्षलाई सम्झनुपर्छ ।

(ज) "उपाध्यक्ष" भन्नाले राष्ट्रिय युवा परिषद्का उपाध्यक्षलाई सम्झनुपर्छ ।

(झ) “उद्यमी” भन्नाले नाफा आर्जन गर्ने उद्देश्यले उद्योग व्यवसाय सञ्चालनका लागि जोखिम वहन गरी लगानी गर्ने व्यक्ति वा समुहलाई सम्झनुपर्छ ।

(ञ) “ऋण” भन्नाले निश्चित प्रक्रिया र विधिबमोजिम फिर्ता गर्ने गरी लिएको रकमलाई सम्झनुपर्छ ।

(ट) “साझेदार संस्था” भन्नाले कार्यक्रम सञ्चालनका लागि प्राविधिक सेवा र सहयोग उपलब्ध गराई साझेदारीमा काम गर्ने संस्थालाई सम्झनुपर्छ ।

(ठ) “वित्तीय सेवा प्रदायक संस्था” भन्नाले ऋण प्रदान गर्न र उठाउन जिम्मेवारी लिएको सहकारी वा बैंकलाई सम्झनुपर्छ ।

(ड) “बेरोजगार व्यक्ति” भन्नाले आय आर्जन हुने कुनै पनि पेशा व्यवसाय तथा काममा नियमित रुपमा संलग्न नरहेको व्यक्ति सम्झनुपर्छ ।

(ढ) **"प्राथमिकताको समुहका युवा", "विशेष प्राथमिकताको समुहका युवा", "द्वन्द्वपीडित युवा", "जोखिममा रहेका युवा", "अपाङ्गता भएका युवा"** र **"सीमान्तकृत अल्पसङ्ख्यक समुदायका युवा"** भन्नाले राष्ट्रिय युवा नीति, २०७२ ले परिभाषित गरेका युवालाई सम्झनुपर्दछ ।

## परिच्छेद- २

## लक्षित समूह र उद्यमका क्षेत्र

**३. लक्षित समुह :** (१) सोह्र वर्ष देखि चालिस वर्षसम्म उमेर समूहका, स्नातक तह वा प्राविधिक डिप्लोमा उत्तीर्ण नेपाली युवा वा युवा समुह यस कार्यक्रमका लक्षित समूह हुनेछन् ।

**४. युवा उद्यम क्षेत्र :** युवाबाट व्यवसाय तथा उद्यम गर्न सकिने व्यवसायिक क्षेत्रहरू देहाय बमोजिम रहने छन् :

(क) युवाले हासिल गरेको शैक्षिक प्रमाण पत्रको विषयमा आधारित व्यवसाय

(ख) युवाले प्राप्त गरेको तालीम, सिप र क्षमतामा आधारित व्यवसाय

(ग) औद्यौगिक व्यवसाय ऐन २०७३ ले निषेध गरेकाबाहेक सबै व्यवसाय ।

## परिच्छेद – ३

## छनौटका आधार

**५. उद्यम छनोटका आधार:** देशैभरि छरिएर रहेका युवालाई प्रमाण पत्रका आधारमा उद्यमका लागि ऋण प्रदान गर्न देहायका छनौटका आधारहरू अवलम्बन गरिनेछ:

(१) प्रमाण पत्रका आधारमा ऋण कार्यक्रममा समावेश हुने युवाको न्यूनतम योग्यता:

(क) सोह्र वर्ष पूरा भई चालीस वर्ष ननाघेको नेपाली नागरिक हुनुपर्ने,

(ख) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएको भए तोकिएको समय अवधि पुगेको,

(ग) साधारण शिक्षामा स्नातक तह वा प्राविधिक शिक्षामा डिप्लोमा तह उत्तीर्ण गरी प्रमाणपत्र प्राप्त गरेको,

(घ) बेरोजगार रहेको,

(ङ) समुहमा उद्यम सञ्चालन गर्ने भए कम्तिमा ५० प्रतिशत युवा महिला समूह सदस्य रहेको,

(२) युवाले प्रस्ताव गरेको व्यवसायिक उद्यम प्रस्तावना मूल्याङ्कनका आधारहरू

(क) प्रस्तावित उद्यमको ५ वर्षे व्यवसायिक योजना- ७५अंक

अ. स्थानीय स्रोतमा आधारित – १५ अंक

आ. बजारको सुनिश्चितता भएको – १५ अंक

इ. थप रोजगारीको सिर्जना गर्ने – १५ अंक

ई. आर्थिक लगानीको सुनिश्चितता भएको – अंक १०

उ. सहज सञ्चालन हुने देखिएको—५ अंक

ऊ. जोखिम कम रहेको —५ अंक

ए. नेपालको आयातलाई घटाउन सहयोग पुर्याउने –१० अंक

(ख) शैक्षिक प्रमाण पत्रको स्तर – २० अंक (प्राविधिक विषयमा स्नातक भए २० अंक, प्राविधिक डिप्लोमा भए १५ अंक, साधारण स्नातक भए १० अंक, साधारण स्नातक गरी ३९० घण्टाको प्रमाणपत्र प्राप्त तालिम भए १५ अंक)

(ग) समावेशी सहभागिता– ५ अंक (व्यक्तिको हकमा विशेष प्राथमिकताको समूहको युवा भए ५ अंक, प्राथमिकताका समूह भए ३ अंक। समूहको हकमा विशेष प्राथमिकताको समूहका युवा सम्मिलित युवा भए ४ प्राथमिकताका समूह भए ३ अंक र प्राथमिकताको समूहका युवा सम्मिलित समूह भए २ अंक।)

जम्मा - १००

(३) दुर्गम क्षेत्र, औद्योगिक ऐनले तोकेका क्षेत्र र विषय तथा राष्ट्रिय युवा नीति २०७२ ले तोकेका विशेष प्राथमिकता क्षेत्रका युवाबाट आएको उद्यम प्रस्ताव तथा हासिल गरेको शैक्षिक योग्यताको विषयसँग सम्बन्धित उद्यम प्रस्ताव भएका युवालाई विशेष प्राथमिकता दिई छनोट गर्नु पर्नेछ ।

## परिच्छेद – ४
## उद्यम छनौट प्रक्रिया

६. **सूचना प्रकाशन :** (१) युवा उद्यमका लागि शैक्षिक प्रमाण पत्रका आधारमा ऋण सहयोग कार्यक्रममा सहभागिताका लागि परिषद्ले इच्छुक युवा, युवा समुह तथा सरोकारवालाको जानकारीका लागि १५ दिने सार्वजनिक सूचना प्रकाशन गरी उक्त सूचना परिषद्को वेबसाइटमा www.nyc.gov.npमा समेत राखेछ । साथै परिषद्ले प्रचार प्रसारका लागि सम्बन्धित मन्त्रालयहरु र सम्पूर्ण जिल्ला युवा समितिको

कार्यालयहरूलाई जानकारी गराउने छ । जिल्ला युवा समितिले पनि सो सूचना सबै सरोकारवालालाई जानकारी गराउने गरी सार्वजनिक गर्नुपर्नेछ ।

(२) उपदफा १) बमोजिम सूचना प्रकाशित भएपछि देशै भरिका इच्छुक युवा वा युवा समुहले सोही सूचनामा उल्लेखित म्यादभित्र जिल्ला युवा समितिको कार्यालयमार्फत वा सोको राष्ट्रिय युवा परिषद्, त्रिपुरेश्वरको कार्यालयमा व्यक्तिगत वा सामुहिकरुपमा उद्यम प्रस्ताव पेश गर्नुपर्नेछ ।

७. **केन्द्रीय उद्यम प्रस्ताव छनौट सिफारिस समिति :** (१) राष्ट्रिय युवा परिषद्मा जम्मा भएका उद्यम प्रस्तावको छनोटका लागि निम्न अनुसारको केन्द्रीय उद्यम प्रस्ताव छनौट सिफारिस समिति रहनेछ :

(क) परिषद्को प्रशासकीय प्रमुख – अध्यक्ष

(ख) अधिकृत प्रतिनिधि, युवा तथा खेलकुद मन्त्रालय- सदस्य

(ग) अधिकृत प्रतिनिधि, श्रम, स्वरोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय – सदस्य

(घ) अधिकृत प्रतिनिधि, उद्योग मन्त्रालय – सदस्य

(ङ) अधिकृत प्रतिनिधि, युवा तथा साना व्यावसायी स्वरोजगार कोष – सदस्य

(च) प्रतिनिधि, राष्ट्रिय लघु उद्यम महासंघ नेपाल – सदस्य

(छ) परिषद्को सम्बन्धित कार्यक्रम हेर्ने शाखा प्रमुख - सदस्य सचिव

(२) उद्यम छनौट सिफारिस समितिले समितिको बैठकमा वित्तीय कारोवार गर्न छनौट भएको वित्तीय संस्थालाई अनिवार्य रुपमा आमन्त्रण गर्नुपर्नेछ र आवश्यकता अनुसार उद्यमको व्यवसायिक प्रस्तावको क्षेत्र अनुसार अन्य विशेषज्ञहरू आमन्त्रण गर्न सकिनेछ ।

(३) केन्द्रीय उद्यम प्रस्ताव छनौट सिफारिस समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(४) केन्द्रीय उद्यम प्रस्ताव छनौट सिफारिस समितिले गर्ने कार्यहरू देहाय बमोजिम हुनेछन्:

(क) परिषद्ले उद्यमका लागि प्रस्ताव पेश गर्न इच्छुक युवालाई सहयोग गर्नका लागि जिल्ला युवा समितिलाई व्यवसायिक योजना प्रस्ताव विकाससम्बन्धी सहजीकरण तथा अभिमुखीकरण गर्न सक्नेछ।

(ख) देशैभरिका युवा तथा युवा समुहहरूले व्यक्तिगत तथा समुहगत रुपमा पठाएका प्रस्तावहरूको विस्तृत अध्ययन, परामर्श गरी उच्चतम प्राप्ताङ्कको क्रममा राखी प्राथमिकताको आधारमा सूची तयार गरी छनौटका लागि परिषद्को कार्यकारी समितिमा सिफारिस गरी पठाउने ।

(ग) सिफारिस समितिले आवश्यक देखेमा उद्यम सञ्चालन कार्यान्वयन गर्ने क्षेत्रको अनुगमन निरीक्षण गर्नु गराउनुका साथै सरोकारवालाहरूसँग सोधपुछ र विचार विमर्श गर्न सक्नेछ ।

(घ) केन्द्रीय उद्यम प्रस्ताव छनौट सिफारिस समितिले सिफारिस गरेका प्रस्ताव कार्यकारी समितिले स्वीकृत गरी कार्यान्वयनका लागि पठाउनेछ ।

(ङ) युवा उद्यमीले उद्यम गर्नका लागि ऋण प्राप्त गरेपछि पनि कुनै कारणवस उद्यम गर्न नसकेको पाइएमा कारणसमेत खोली सो रकम फिर्ता गर्न लगाई वैकल्पिक सूचीमा रहेको प्रस्तावलाई उद्यम सञ्चालन गर्न सिफारिस गर्न सक्नेछ ।

## परिच्छेद – ५
## वित्तीय व्यवस्था

८. **युवा उद्यम विकास घुम्ती कोष :** (१) युवा उद्यम कार्यक्रम सञ्चालनको लागि परिषद्को छुट्टै बैंक खाता हुनेछ । यस कोषमा नेपाल सरकारले उपलब्ध गराएको रकम, परिषद्को रकम, युवा उद्यमीले ऋण फिर्ता गरेको रकम तथा अन्य सहयोगी संघ संस्था वा निकायले युवा उद्यम विकासका लागि उपलब्ध गराएको रकम जम्मा हुनेछ ।

(२) परिषद्ले यसरी युवा वा युवा समुहद्वारा सञ्चालित उद्यमको ऋण फिर्ता भएको रकम युवा उद्यम विकास घुम्ति कोषमा जम्मा गरी सोमार्फत अन्य शैक्षिक बेरोजगार युवाहरूलाई ऋण प्रवाह गर्नेछ ।

९. **वित्तीय संस्था छनोटः** (१) युवा उद्यमीसँग वित्तीय कारोवार गर्न इच्छुक वित्तीय संस्था छनोटका लागि राष्ट्रिय युवा परिषद्ले निवेदन आह्वान गर्नेछ ।

(२) प्राप्त निवेदनको छानवीन गरी गर्न लगाई कार्यकारी समितिले उपयुक्त वित्तीय संस्था छनोट गर्नेछ ।

१०. **लगानी प्रवाहः** (१) छनोट भएका वित्तीय संस्थासँग परिषद्ले आर्थीक कारोवार गर्न केन्द्रमा द्विपक्षीय सम्झौता गर्नेछ । सम्झौता अनुसार परिषद्ले कार्यक्रमको कोटा अनुसारको कूल रकम वित्तीय संस्थालाई उपलब्ध गराउनेछ । वित्तीय संस्थाले उक्त रकम परिषद्ले छनोट गरेका युवा तथा युवा समुहमा उनीहरूको सक्कलै शैक्षिक प्रमाणपत्र धितो राखी ऋण लगानी गर्नु पर्नेछ । ऋण लगानी गरेको एकवर्षपछि उक्त वित्तीय संस्थाले सम्झौतामा तोकिएको समयमा चरणबद्धरुपमा परिषद्को घुम्तिकोषमा रकम जम्मा गरी फिर्ता गर्नुपर्नेछ ।

(२) वित्तीय संस्थाले छनोट भएका युवा तथा युवा समुहलाई रकम लगानी गर्न राष्ट्रिय युवा परिषद् वा परिषद्ले तोकेको निकाय, वित्तीय संस्था र उद्यमी युवा वा युवा समुहबिच तोकिएको ढाँचामा त्रिपक्षीय सम्झौता गर्नेछ ।

(३) सम्झौताको प्रथम पक्ष राष्ट्रिय युवा परिषद्, दोस्रो पक्ष वित्तीय सेवा प्रदायक संस्था र तेस्रो पक्ष सम्बन्धित उद्यमी युवा वा युवा समुह हुनेछन् । सम्झौताको एकप्रति सम्बन्धित उद्यमी युवा वा युवा

समुहलाई, एकप्रति वित्तीय कारोबार गर्ने संस्था र एकप्रति राष्ट्रिय युवा परिषद्मा रहनेछ । परिषद्ले त्रिपक्षीय सम्झौताको जानकारी मन्त्रालयलाईसमेत उपलब्ध गराउनु पर्नेछ ।

(४) उद्यमी युवा वा युवा समुहले प्राप्त गर्ने ऋण सहयोग रकम वित्तीय कारोवार गर्ने संस्थाबाट उपलब्ध हुनेछ र ऋण चुक्ता /फिर्ता गर्दा पनि सम्बन्धित वित्तीय संस्थामा नै गर्नु पर्नेछ ।

## परिच्छेद – ६
## कोष तथा लेखा परीक्षण

**११. बजेटः** (१) व्यवसायिक प्रस्तावहरू स्वीकृत भएपछि सम्बन्धित उद्यमी युवाको हकमा निजको एकल र समूहका हकमा समूहका अध्यक्ष र कोषाध्यक्षको संयुक्त दस्तखतबाट वित्तीय संस्थामा खाता सञ्चालन गरिनेछ ।

(२) ऋण प्राप्त गर्ने उद्यमी युवा वा युवा समूहले व्यावसायिक प्रस्तावनाको कूल बजेटको २० प्रतिशत बराबरको रकम उपदफा १ बमोजिमको वित्तीय संस्थाको खातामा अग्रिम जम्मा गरी सोको भौचर राष्ट्रिय युवा परिषद्मा पेश गर्नु पर्नेछ ।

(३) त्रिपक्षीय सम्झौता भईसकेपछि उद्यमी युवा वा युवा समूहले अनिवार्य रुपले वित्तीय सेवा प्रदायक संस्थाको खातामा २० प्रतिशत रकम जम्मा गरेको एक हप्ताभित्र वित्तीय कारोवारका लागि छनौट भएको सेवा प्रदायक संस्थामार्फत उद्यमको प्रकृति हेरी सम्झौता अनुसारको रकम एकै पटक रकम उपलब्ध गराउन सकिनेछ ।

(४) परिषद्ले वित्तीय सेवा प्रदायक संस्थामार्फत उद्यम सञ्चालनको लागि कार्ययोजनामा उल्लेख भएअनुसारको उद्यम कार्यको शुरुवात र विकास गर्नका लागि युवा वा युवा समुहका लागि रु. २००००० (दुई लाख)सम्म बिना व्याज ऋण सहयोग उपलब्ध गराउने छ ।

(५) उद्यमी युवा वा युवा समुहले प्राप्त भएको रकम दोस्रो वर्षदेखि सम्झौतामा तोकिएअनुसार कारोवार गर्ने वित्तीय संस्थामा फिर्ता गर्नुपर्नेछ । दोस्रो वर्षदेखि माथि तोकिएको समय अगावै रकम भुक्तानी /फिर्ता गर्न चाहेमा भुक्तानी/फिर्ता गर्न सकिनेछ ।

(६) युवा उद्यमीलाई उपलब्ध गराइएको ऋण व्यवसायिक योजना अनुसार पाँच वर्षभित्र परिषद्सँग सम्झौता गरिएको वित्तिय संस्थाले परिषद्ले तोकेको बैंक खातामा फिर्ता गरी सक्नुपर्नेछ ।

(७) राष्ट्रिय युवा परिषद्ले युवा उद्यमीसँग आर्थिक कारोबार गर्ने वित्तीय संस्थालाई सेवा शुल्कवापतको रकम द्वीपक्षीय सम्झौतामा उल्लेख भए बमोजिम सबै रकम घुम्तिकोषमा फिर्ता भएपछि उक्तकोषबाट

उपलब्ध गराउनेछ । यसका साथसाथै परिषद्ले ऋण फिर्ता र सुरक्षरण गर्न विभिन्न निकायहरूसँग समन्वय गरी अन्य कार्यहरू गर्न सक्नेछ ।

**१२. लेखा परीक्षण :** (१) युवा उद्यमीद्वारा सञ्चालित उद्यमको लेखा दोहोरो लेखा प्रणाली ढाँचामा राख्नु पर्नेछ र मान्यता प्राप्त लेखापरीक्षकबाट हरेक वर्ष आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र लेखापरीक्षण गराउनु पर्नेछ ।

(२) उद्यमी युवा वा युवा समूहले उद्यम तथा व्यवसायको लेखा परीक्षणको प्रतिवेदन राष्ट्रिय युवा परिषद्को कार्यालयमा पठाउनुपर्नेछ र परिषद्ले प्राप्त लेखापरीक्षण प्रतिवेदन अध्ययन गरी प्रतिवेदनले औंल्याएका विषयहरु समावेश गरी मन्त्रालयमा पठाउनु पर्नेछ ।

## परिच्छेद -७
## अनुगमन तथा निरीक्षण

**१३. अनुगमन प्रक्रिया:** (१) यस निर्देशिका बमोजिम सञ्चालित उद्यम कार्यक्रमको स्थानीय तहमा जिल्ला युवा समितिको कार्यालय, स्थानीय तह र वित्तीय कारोवार गर्न छनोट भएको वित्तीय सेवा प्रदायक संस्थाबाट नियमित अनुगमन तथा निरीक्षण गरिनेछ । अनुगमन पश्चात् सोको प्रतिवेदन परिषद्मा पठाउनु पर्नेछ ।

(२) केन्द्रीयस्तरमा परिषद् र मन्त्रालयबाट आवश्यकता अनुसार अनुगमन निरीक्षण गरी आवश्यक पृष्ठपोषण एवं सुझाव दिन सकिनेछ ।

**१४. अनुगमन तथा निरीक्षण समिति :** (१) युवा उद्यमीद्वारा सञ्चालित उद्यमहरूको समग्र अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्नका लागि देहाय बमोजिमको केन्द्रीय अनुगमन, निरीक्षण तथा मूल्याङ्कन समिति रहनेछ :

(क) परिषद्को कार्यकारी उपाध्यक्ष - संयोजक

(ख) मन्त्रालयको युवा हेर्ने सहसचिव - सदस्य

(ग) प्रतिनिधि , श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय - सदस्य

(घ) प्रतिनिधि , उद्योग मन्त्रालय - सदस्य

(ङ) प्रतिनिधि , युवा तथा साना व्यावसायी स्वरोजगार कोष - सदस्य

(च) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासंघ - सदस्य

(छ) परिषद्को प्रशासकीय प्रमुख - सदस्य सचिव

(२) केन्द्रीय अनुगमन तथा निरीक्षण समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) पालिकामा सञ्चालनमा रहेका उद्यमहरूको अनुगमन निरीक्षण गर्ने र कार्यान्वयनमा देखिएका राम्रा पक्षका साथै बाधा, ब्यवधान, समस्या तथा त्यसको समाधानका लागि सिफारिससहितको प्रतिवेदन परिषद्मा पेश गर्ने ।

(ख) उद्यम कार्यक्रम सञ्चालन भएका पालिकासँगको समन्वयमा पालिकाका युवा विकास समितिको नेतृत्वमा स्थानीय सुपरीवेक्षण तथा अनुगमन समिति गठन गरी उक्त उद्यममा आवश्यक सहजीकरण र सहयोग गर्ने व्यवस्था मिलाउने ।

## परिच्छेद – ८
## प्रतिवेदन

**१५. प्रतिवेदन प्रक्रिया:** (१) वित्तीय संस्थाले परिषद्सँग गरेको सम्झौता कार्यान्वयनको प्रारम्भिक प्रतिवेदन एक महिनाभित्र परिषद्मा पेश गर्नुपर्नेछ । त्यसै गरी उद्यमी युवा तथा युवा समुह र वित्तीय संस्थाले सम्झौता भएको एक महिनाभित्र सोको कार्यान्वयनको प्रारम्भिक प्रतिवेदन जिल्ला युवा समितिको कार्यालयमा पठाउनु पर्नेछ । त्यसपछि नियमितरुपमा चौमासिक प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(२) जिल्ला युवा समितिले यसरी प्राप्त प्रतिवेदनलाई विश्लेषण गरी आफ्नो कार्यालयबाट सम्पादन भएका अन्य कार्यलाई समेत समावेश गरी प्रत्येक चौमासिकरुपमा प्रगति प्रतिवेदन राष्ट्रिय युवा परिषद्मा पठाउनु पर्नेछ ।यसका अतिरिक्त परिषद्ले आवश्यकता अनुसार प्रगति प्रतिवेदन पेश गर्न निर्देशन दिन सक्नेछ ।

## परिच्छेद – ९
## पुरस्कार तथा दण्ड सजाय

**१६. पुरस्कार तथा प्रोत्साहन:** (१) युवा उद्यम कार्यक्रमलाई प्रभावकारी र नतिजामुखी बनाउन सफल उद्यमी युवा वा युवा समूहलाई मापदण्डका आधारमा उद्यमसँग सम्बन्धित तालीम प्रदान गर्ने, उद्यमको बिमा गर्ने, आन्तरिक तथा बाह्य अनुभव आदानप्रदान कार्यक्रममा सहभागी गराउने, नगद तथा प्रमाणपत्र दिई पुरस्कृत गर्ने जस्ता प्रोत्साहन र पुरस्कार प्रदान गर्न सकिनेछ ।

**१७. दण्ड सजाय :** (१) युवा वा युवा समुह उद्यमीले प्रस्ताव गरिए बमोजिमको सम्झौता गर्न नआएमा त्यस्ता उद्यमीलाई परिषद्को अन्य कुनै पनि कार्यक्रमहरूमा सहभागी गराइने छैन । उद्यमी युवाले तोकिएको अवधिमा ऋण रकम फिर्ता नगरेमा त्रिपक्षीय सम्झौतामा उल्लेख भए सोबमोजिम र सोमा उल्लेख नभएकोमा प्रचलित कानुन बमोजिम हर्जना (प्रचलित नियमानुसार लाग्ने ब्याज) सहित ऋण रकम निज वा निजको हक लाग्ने व्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(२) सम्झौता भइसकेपछि सम्झौता अनुसार गुणस्तर एवं परिमाणात्मक कार्य सम्पन्न नगरेमा वा परिषद्बाट दिइएको रकम हिनामिना गरेमा हिनामिना गरेको रकम फिर्ता लिन त्यस्ता युवालाई प्रचलित कानुन बमोजिम कालो सूचीमा राख्ने, सरकारी सेवा सुविधा रोक्ने र निजहरूबाट सरकारी बाँकी सरह रकम असुल उपर गरिनेछ । भ्रष्टचार निवारण ऐन तथा प्रचलित कानून बमोजिम हिनामिना गरेको रकम असुल उपर, जरिवाना र कैंदसजायसमेत हुन सक्नेछ । यस कार्यमा स्थानीय तह र स्थानीय प्रशासन आदि निकायको परिषद्ले आवश्यक सहयोग लिन सक्नेछ ।

## परिच्छेद – १०
## विविध

**१८. सहयोग गर्नुपर्ने:** यस निर्देशिका बमोजिम सञ्चालन कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

**१९. निर्देशनको पालना:** यस निर्देशिकाको कार्यान्वयनका सन्दर्भमा मन्त्रालय र परिषद्को निर्देशन सम्बद्ध सबैले पालना गर्नुपर्नेछ ।

**२०. निर्देशिका संशोधन गर्न सकिने:** परिषद्ले आवश्यकता अनुसार यो निर्देशिका संशोधन गर्न सक्नेछ ।

**२१. सम्बन्धित निकायको भूमिका:** यस निर्देशिकाको कार्यान्वयनका लागि सरोकारवाला निकायको काम कर्तव्य र अधिकार परिषद्ले तोकेबमोजिम हुनेछ ।

**२२. बाधा अड्काउ फुकाउने:** यो निर्देशिकाको कार्यान्वयनमा कुनै बाधा आइपरेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।

—0—

**अनुसूची – १**

<u>**युवा उद्यमको लागि दिइने निवेदनको ढाँचा**</u>

मिति .........................

श्री राष्ट्रिय युवा परिषद्
त्रिपुरेश्वर, काठमाडौं ।

विषय: प्रमाणपत्रका आधारमा उद्यम सञ्चालनका लागि निवेदन पेश गरेको ।

उपर्युक्त सम्बन्धमा म/हामी तपसिलका व्यक्तिले ...........................जिल्लाको ................................पालिका वडा नं. .............. स्थित ..............................टोल/गाउँमा.............................................. (उद्यमको नाम) सञ्चालन गर्न चाहेको हुनाले युवा उद्यमका लागि शैक्षिक प्रमाणपत्रका आधारमा ऋण सहयोग कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ का शर्तहरू मन्जुर गरी तपसिलको विवरण सहितको कागजात सम्लग्न गरी यो निवेदन पेश गरेको छु ।

दस्तखत:
मिति:
नामथर:
स्थायी ठेगाना:

सम्लग्न कागजात:

१. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
२. शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि
३. सीपमूलक तालिम प्रमाणपत्रको प्रतिलिपि

४. चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

५. लक्षित समुह खुल्ने प्रमाणपत्रको प्रतिलिपि

६. पछिल्लो पटक अध्ययन गरेको शिक्षण संस्थाको सिफारिस

७. उद्यम सञ्चालन हुने स्थानीय तहको सिफारिस ।

**अनुसूची -२**

## <u>व्यावसायिक योजनाको ढाँचा</u>

| क. सं. | विवरण | अन्य विवरण |
|---|---|---|
| १ | व्यवसायको नाम, संक्षिप्त परिचय र उद्देश्य | उद्यमको नाम:<br>उद्यमको संक्षिप्त परिचय...<br><br>उद्देश्य<br><br>विषय/क्षेत्र<br>उत्पादन हुने बस्तु |
| २ | ठेगाना | जिल्ला.................... गापा/नपा.................................वडा नं. ..........<br>टोल .................... गाउँ .............................. |
| ३ | सम्लग्न हुने जनशक्ति | |
| ४ | प्रयोग हुने कच्चा पदार्थ | |
| ५ | प्रयोग हुने मेशिनरी औजार | |
| ६ | अनुमानित कुल लागत | |
| ७ | उत्पादित बस्तुको बजार क्षेत्र | |
| ८ | व्यवसायबाट हुने अनुमानित वार्षिक आम्दानी | |
| ९ | रोजगारी हुने संख्या | |
| १० | अन्य | |

<u>पेश गर्नेको</u>

नामथर:

दस्तखत:

मिति:

स्थायी ठेगाना:

अस्थायी ठेगाना: